# ‘घोडा भएको छ-मृत्यु’ कवितामा अभिव्यञ्जित ध्वनि

*मुक्तराज उपाध्याय* *

***Article History:*** *Received 3 Sep. 2022; Reviewed 28 Oct. 2022; Revised 13 Nov. 2022; Accepted 25 Dec. 2022.*


## लेखसार

*व्यञ्जनाशक्तिका केन्द्रीयतामा साहित्य सौन्दर्यको विवेचना गर्ने एक महत्त्वपूर्ण सिद्धान्त हो ध्वनिवाद, जसलाई नवौँ शताब्दीका आचार्य आनन्दवर्द्धनले प्रतिपादन गरेका थिए । ध्वनिवादले आफ्नो मूल स्रोत पाणिनीय प्रवर्तित व्याकरणशास्त्रलाई मानेको छ । व्याकरणले वर्णहरूको वाचकत्वलाई भन्दा त्यसबाट निःसृत नित्य स्फोटात्मक अर्थलाई बढी जोड दिएजस्तै साहित्यशास्त्रमा पनि ध्वनि शब्दले सुनिने आवजलाई मात्र नभएर प्रयुक्त शब्द वा वाक्यले आफ्नो अर्थ वा अभिप्राय त्यागेर कुनै विशिष्ट भाव अथवा व्यङ्ग्यार्थ जनाउने काव्यको वस्तुविषेशबाट नै वास्तविक अर्थ व्यक्त हुन्छ भन्ने कुरामा यस सिद्धान्तले विश्वास राख्दछ । साहित्यमा वाच्यार्थभन्दा व्यङ्ग्यर्थबाट अभिव्यञ्जित ध्वन्यार्थलाई यसले विशेष महत्त्व दिएको छ । प्रस्तुत अध्ययनमा व्यङ्ग्यार्थका केन्द्रीयतामा साहित्य सौन्दर्यको विवेचना गर्ने ध्वनिसिद्धान्तलाई आधार बनाई दिनेश अधिकारीद्वारा रचित ‘घोडा भएको छ मृत्यु’ शीर्षक कविताको विश्लेषण गरिएको छ । यस सन्दर्भमा ध्वनिशास्त्रको सैद्धान्तिक अवधारणामाथि सामान्य चर्चा गर्दै कविताको शीर्षकीय सन्दर्भ, विशिष्ट पद, पदावली, वाक्य र समग्र सङ्कथनबाट अभिव्यञ्जित ध्वनिलाई भिन्नाभिन्नै उपशीर्षकहरूमा विश्लेषण गरी वस्तुगत, प्रमाणिक एवं प्राज्ञिक निष्कर्ष निकालिएको छ ।*


***शब्दकुञ्जी:*** *वाच्यार्थ, व्यञ्जना, ध्वनि, स्फोट, लक्षणा, सङ्कथन, सङ्घटक ।*

## विषयपरिचय

‘घोडा भएको छ-मृत्यु’ कवितामा अभिव्यञ्जित ध्वन्यार्थ पहिल्याउनु प्रस्तुत अध्ययनको मुख्य विषय हो । कवि दिनेश अधिकारी (२०१६)द्वारा रचना गरिएको उक्त कविता प्रथम पटक ‘मधुपर्क’ वर्ष ३०, अङ्क ११, पूर्णाङ्क ३४६मा प्रकाशित भई दोस्रो पटक ‘सीमान्त सपना’ (२०६७) कविता सङ्ग्रहमा सङ्ग्रहित भएर प्रकाशित भएको एक फुटकर कविता हो । दिनेश अधिकारीका अन्तरका छिटाहरू (२०३७), धर्तीको गीत (२०४४), आदिम आवाज (२०४५), अतिरिक्त अभिलेख (२०५६), भरियाको भूगोल (२०७४) आदि कविता सङ्ग्रहहरू प्रकाशित भएका छन् । ‘सीमान्त सपना’ कविता सङ्ग्रहभित्र कवि अधिकारीले २०५४ देखि २०६५सम्मको समयावधिमा आफूले देखेभोगेका र अनुभूत गरेका भावनाहरूलाई कवितात्मक रूपमा अभिव्यक्ति दिएका छन् । समय, समाज र मानिसका अनेकौँ आयामहरूलाई अत्यन्तै सूक्ष्म, सरल अनि गम्भीर भावद्वारा अभिव्यक्ति दिने दिनेश अधिकारीले एक सिद्धहस्त कवि तथा कुशल गीतकारका रूपमा आफ्नो अलग्गै पहिचान बनाएका छन् । कविता र गीतलाई समान रूपमा अघि बढाएर वर्तमान नेपाली समाजमा लोकप्रियता हासिल गरेका कवि अधिकारीले समाजमा व्याप्त गरिबी, शोषण, दमन, अन्याय, अत्याचार एवं विकृति र विसङ्गतिका विरुद्ध शिष्ट र शालीन ढङ्गमा विरोध र असहमति जनाएका छन् । यिनका कवितामा देशको वर्तमान भताभुङ्ग र लथालिङ्ग अवस्थाप्रति चिन्ता, मातृभूमिप्रतिको अगाध

* उपप्राध्यापक, सरस्वती बहुमुखी क्याम्पस (मानविकी सङ्काय, नेपाली विभाग), त्रिभुवन विश्वविद्यालय, नेपाल ।

आस्था, समाज सुधारको भावना एवं भविष्यप्रतिको आशावदी दृष्टिकोण अभिव्यञ्जित भएको पाइन्छ । घोडा 'भएको छ-मृत्यु' शीर्षकको कवितामा पनि यस्तै भावनाहरूले अभिव्यक्ति पाएका छन् ।

'सीमान्त सपना' कविता सङ्ग्रहभित्र सङ्कलित कविताहरूको अध्ययन साहित्य समालोचनाका विविध सिद्धान्त र अवधारणाहरूका आधारमा गर्न सकिन्छ तथापि प्रस्तुत अध्ययन भने उक्त सङ्ग्रहमा सङ्कलित 'घोडा भएको छ -मृत्यु' शीर्षकको कवितालाई मात्र लिएर संस्कृत साहित्य चिन्तनतर्फको ध्वनिवादी कोणबाट गरिने अध्ययनमा केन्द्रित रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनलाई सम्पन्न गर्ने क्रममा सामग्रीबाट प्राप्त तथ्यको विश्लेषणका लागि पूर्वीय संस्कृत साहित्यमा स्थापित ध्वनिवादी सिद्धान्तका आधारभूत मान्यतालाई सैद्धान्तिक पर्याधारका रूपमा अवलम्बन गरिएको छ । अतः सैद्धान्तिक पर्याधारका रूपमा रहेको पूर्वस्थापित ध्वनिवादी मान्यताकै आधारमा कविताको अध्ययन विश्लेषण गरिएको हुँदा मुख्यतः निगमनात्मक विधिकै उपयोग गरिएको छ ।

## सैद्धान्तिक आधार

प्रस्तुत अध्ययनमा दिनेश अधिकारीद्वारा रचित 'घोडा भएको छ -मृत्यु' शीर्षकको कवितालाई पूर्वीय संस्कृत साहित्यशास्त्रको ध्वनिवादी सिद्धान्तका आधारमा विश्लेषण गरिने हुँदा उक्त सिद्धान्तको मूलभूत अवधारणामाथि प्रकाश पार्नु वाञ्चनीय हुन्छ ।

'ध्वन्' धातुमा 'इ' प्रत्यय जोडिएर बनेको ध्वनि शब्दको शाब्दिक अर्थ आवाज हो । कुनै वस्तु वा पदार्थ एक आपसमा ठोकिएर उत्पन्न हुने आवाज वा मानवीय उच्चारण अवयवद्वारा उच्चारित मौखिक आवाज ध्वनि अन्तर्गत पर्दछन् (शर्मा, २०७३ : १६९) । पूर्वीय संस्कृत काव्य चिन्तनका परम्परामा ध्वनिलाई सामान्य आवाजको अर्थमा मात्र नलिएर काव्य पाठबाट प्राप्त हुने विशिष्ट काव्यानन्दका रूपमा अर्थ्याइएको छ । संस्कृत काव्यशास्त्रीय चिन्तन परम्परामा रस, अलङ्कार, रीति गुणजस्ता काव्यसिद्धान्त स्थापित भइसकेपछि ईशाको नवौँ शताब्दीमा ध्वनिवादी सिद्धान्तको स्थापना भएको हो । यस सिद्धान्तको स्थापना ध्वनिवादी आचार्य आनन्दवर्द्धनले आफ्नो लक्षणग्रन्थ 'ध्वन्यालोक'बाट गरेका हुन् तथापि पूर्वीय काव्यजगत्मा ध्वनिको चर्चा आनन्दवर्द्धनभन्दा निकै अघिदेखि नै थियो भन्ने कुरा आनन्दवर्द्धन स्वयंले सङ्केत गरेका छन् । ध्वनि सिद्धान्तको स्थापना हुनुभन्दा पूर्वका सिद्धान्तहरूमा ध्वनि शब्दको स्पष्ट प्रयोग नभए तापनि प्राचीन आचार्यहरूले ध्वनिलाई काव्यात्मा मानेको र प्रतीयमान अर्थ वा व्यङ्ग्यार्थका रूपमा लिएको भन्ने पाइन्छ । ध्वनि शब्दको प्रयोग गरी ध्वनिको स्वरूप, काव्यमा ध्वनिको स्थान र ध्वनिका भेदोपभेदहरूको विशद् चर्चा एवं त्यसको सैद्धान्तिक स्थापना सर्वप्रथम आनन्दवर्द्धनको 'ध्वन्यालोक' नामक ग्रन्थमा नै भएकाले उनलाई ध्वनिवादका प्रवर्तक तथा व्याख्याकारका रूपमा लिइन्छ (उपाध्याय, २०४८ : १८२) आनन्दवर्द्धनपछि यस सिद्धान्तको विकास र विस्तारमा अभिनव गुप्त आए र उनले ध्वन्यालोकको लोचन टीका लेखी यसलाई व्यापक बनाउने काम गरे । त्यसैले यिनलाई 'ध्वनिप्रस्थापन परमाचार्य' पनि भन्ने गरिन्छ । यिनीपछि कुन्तक, विश्वनाथ, जगन्नाथ आदि काव्यशास्त्रीहरूले पनि ध्वनिको महिमा र गरिमालाई माथि उठाउने काम गरे । पूर्वीय काव्यचिन्तन परम्परा शब्दप्रधान्यवादी अर्थात् देहवादी र अर्थप्रधान्यवादी अर्थात् आत्मवादी गरी दुई कित्तामा विकसित भएको छ । ध्वनिवादी सिद्धान्त अर्थप्रधान्यवादी वा आत्मवादी कित्तामा उभिएको छ । त्यसैले यो काव्यमा निहित अर्थसौन्दर्यका आधारमा काव्यको विवेचना गर्ने सिद्धान्त हो ।

ध्वनि सिद्धान्तको स्रोत व्याकरणशास्त्रलाई मानिएको हुँदा साहित्यिक ध्वनिवादको आधार व्याकरणशास्त्रको स्फोटवाद हो । वैयाकरणहरूले अखण्ड भित्री शब्दस्फोटलाई अभिव्यञ्जन गर्ने बाहिरी शब्दलाई ध्वनि : भनेझैँ 'ध्वनतीति ध्वनिः' यो व्युत्पत्तिअनुसार भित्री अर्थलाई अभिव्यञ्जन गर्ने काव्यलाई ध्वनिकाव्य भन्दछन्, भनी ध्वन्यालोकमा आनन्दवर्द्धनले भनेका छन् (सिग्देल, २०५८ : ४७) ध्वनिवादका तात्पर्यमा ध्वनिको अर्थ त्यस्तो व्यङ्ग्यार्थ हो, जसमा वस्तु, रस, रसाभास, भाव, भावाभास तथा अलङ्कारहरूमध्ये कुनै न कुनै पक्षको अभिव्यक्ति भएको हुन्छ (उपाध्याय, २०४८ : १८४ ) ।

ध्वनिवादी सिद्धान्तअनुसार ध्वनि नै काव्य वा साहित्यको आत्मा हो । ध्वनि भनेको व्यङ्ग्यार्थ हो र यो व्यञ्जनावृत्तिबाट अभिव्यञ्जित हुन्छ । आनन्दवर्द्धनले ध्वनिलाई सहृदयश्लाघ्य, प्रतीयमान अर्थ, व्यङ्ग्यार्थ, काव्यको आत्मा आदि शब्दबाट परिचय गराएका छन् । यिनका अनुसार स्त्रीहरूको शारीरिक सौन्दर्यमा प्रसिद्ध अवयव - नाक, मुख, आँखा, वक्ष, नितम्ब आदिभन्दा भिन्न त्यस्तै विलक्षण अतिरिक्त लावण्य झल्कन्छ, त्यसैलाई व्यङ्ग्यार्थ वा प्रतीयमान अर्थ पनि भनिन्छ । त्यही नै काव्यको सार वा प्राणतत्त्व हो र त्यही नै ध्वनि हो । यसरी ध्वनिवादी सिद्धान्तले साहित्यिक रचनामा अभिव्यक्त वाच्यार्थभन्दा भिन्न अनेक व्यङ्ग्यार्थका पत्रहरूको अध्ययन गरी त्यसमा निहित व्यञ्जना सामर्थ्यका आधारमा उत्तम, मध्यम र अधम गरी उक्त रचनाको श्रेणी निर्धारण समेत गर्दछ । ध्वनिको केन्द्रीयतामा साहित्यिक सौन्दर्यको विवेचना गर्ने र साहित्यमा निहित रस, अलङ्कार, रीति आदि पक्षलाई ध्वनिभित्रै समेटेर अध्ययन गर्ने भएकाले पूर्वीय साहित्य चिन्तन परम्परामा ध्वनिवादी सिद्धान्त निकै महत्त्वपूर्ण र उपयोगी मानिन्छ ।

प्रस्तुत अध्ययनमा पूर्वीय साहित्यशास्त्रको उपर्युल्लिखित ध्वनिवादी सिद्धान्तलाई नै प्रतीमान बनाई 'घोडा भएको छ-मृत्यु' कविताको शीर्षकीय सन्दर्भ, विशिष्ट पद, पदावली, वाक्य र अनुच्छेद एवं समग्र सङ्कथनबाट अभिव्यञ्जित ध्वनिलाई अलग अलग उपशीर्षकहरूमा विवेचना गरी निर्धारित कवितामा ध्वनिसौन्दर्यको निरूपण गरिएको छ ।

## 'घोडा भएको छ-मृत्यु' कवितामा अन्तर्निहित ध्वनिसौन्दर्यको विवेचना

### शीर्षकीय सन्दर्भबाट अभिव्यञ्जित ध्वनि

'घोडा भएको छ-मृत्यु' शीर्षक जम्मा चारवटा पदहरूबाट निर्मित छ । यसमा प्रयुक्त 'घोडा' नामिक पद हो । वाच्यार्थका दृष्टिले यस पदले नकाटिएका खुरसहितका चार खुट्टा हुने, गर्धनमा लामालामा रौँ हुने, मानवीय सवारी साधनका रूपमा प्रयोग गरिने एक प्रकारको पशुविशेषलाई जनाउँछ । 'भएको छ' संयुक्त रूपमा अर्थ दिने स्थितिबोधक क्रियापद हो । यसले कुनै कुरा हुनुको स्थितिलाई जनाउँछ । 'मृत्यु' नामिक पद हो । यसको वाच्यार्थ देहावसान, मरण वा काल भन्ने हुन्छ । उपर्युक्त चारै पदहरूको संयुक्त अन्वयले जनाउने वाच्यार्थ हेर्दा काल वा मृत्यु घोडा वा सवारी साधन भएको छ भन्ने हुन आउँछ तर काल वा मृत्यु घोडा हुन वा सवारी साधन हुन सम्भव छैन । त्यसैले यहाँ मुख्यार्थ बाधित छ । यसलाई लक्षणा शक्तिको सहायताले अर्थ खोज्दा मृत्यु निजी सवारी साधन वा घोडाजस्तै आफूखुसी प्रयोग गर्न सकिने साधन बनेको छ भन्ने लक्ष्यार्थबोध हुन्छ । यसरी लक्ष्यार्थबोध भैसकेपछि मृत्युलाई पनि घोडा बनाउन सक्ने अभिव्यक्तिले निर्भय र निश्चिन्ततालाई अभिव्यञ्जित गरेको छ । जब मानिस मृत्युको सन्त्रासबाट मुक्त हुन्छ तब ऊ निश्चिन्त बन्न सक्छ । प्रस्तुत कवितामा पनि कविले आफ्नो उत्तराधिकारी एवं भविष्यको कर्णधारका रूपमा रहेको छोराको अनुहारमा फुटेको उज्यालो र कलिला ओठहरूमा झलमलाएको देशको सुन्दर छवि देख्न थालेदेखि आफू मृत्युको सन्त्रासबाट मुक्त भएको वा मृत्युमाथि नै विजय प्राप्त गरेको अनुभूति प्रकट गरेका

छन् । आफ्ना सन्तानले सुन्दर भविष्यतर्फको मार्ग अवलम्बन गर्न सके भने र्धक्य अवस्थामा निर्भय र निश्चिन्त बन्न सकिने आशावादी दृष्टिकोण कविताको शीर्षकबाटै अभिव्यञ्जित भएको छ ।

## विशिष्ट पद,पदावली र तिनबाट अभिव्यञ्जित ध्वनि

कुनै पनि पाठात्मक सङ्ग्थनमा प्रयुक्त प्रत्येक पदका आ-आफ्नै कोशीय अर्थ रहेका हुन्छन् । प्रयोगको विशिष्ट अवस्थामा तिनले कोशीय अर्थभन्दा भिन्न चमत्कारी प्रतीयमान अर्थ द्योतन गर्न समर्थ हुन्छन् । शब्दले द्योतन गर्ने त्यही चमत्कारपूर्ण अर्थ नै ध्वनिसौन्दर्य वा ध्वन्यार्थ हो । 'घोडा भएको छ-मृत्यु' कवितामा पनि त्यस्ता पद, पदावलीहरू प्रशस्त आएका छन् जसले कोशीय अर्थलाई छोडेर भिन्न अर्थ बुझाउन समर्थ छन् । त्यस्ता पद, पदावलीहरूलाई निम्नअनुसार तलिकाबद्ध गरी तिनमा निहित ध्वनिसौन्दर्यको विवेचना गरिएको छ :

| | वाच्यार्थ | ध्वन्यार्थ |
|---|---|---|
| अपराधी | अपराध वा पापकर्म गर्ने व्यक्ति | देशलाई दुर्दशापूर्ण अवस्थामा पुऱ्याउने आंशिक जिम्मेबारी बोध गरेको स्थिति |
| चुपचाप | केही नबोली बस्ने स्थिति | अपराध बोधबाट भएको आवजहीन अवस्था |
| फोहोर | मैलो, घिनलाग्दो | विकृति र विसङ्गतिको अवस्था |
| वेश्याको घाँगर | देह व्यापारमा लागेकी स्त्रीले लगाउने जामा | देशमाथि करणी गरी फोहोर पारिएको |
| पातकीको जाँगर | पापकर्ममा लागेको/पापीको उत्साह | निकृष्ट कर्म गर्नु |
| पहिरो गएको | भूस्खलन भएको | देशको भताभुङ्ग अवस्था |
| गहिरो भएको | सतहभन्दा तलको/गम्भीर | समस्याहरू वृद्धि हुँदै गएको |
| काँचो पिँडालु | नपकाइएको कर्कलाको गानु | निल्न वा पचाउन नसकिने वस्तु |
| कोक्याउन थालेको | जिब्रो वा घाँटी सगसगाउनु | बोल्न नसक्ने स्थिति |
| अस्तित्त्व | कुनै वस्तु हुनाको भाव | पहिचान |
| कागले विष्टा गरिरहेको | कौवाले दिसा गरिरहेको | अस्तित्त्व धमिलिएको |
| धरहराको गजुर | कीर्तिस्तम्भको माथिल्लो भाग | स्वाभिमान, इज्जत, प्रतिष्ठा |
| बर्बाद | बेथिति, लथालिङ्ग अवस्था | विनाशतिर गएको अवस्था |
| आँखाबाट उज्यालो हराएको | प्रकाश बेपत्ता भएको | देशको भविष्य अन्धकार देखिन थालेको |
| मनलाई ढाकेर ऐजेरु मौलाएको | अन्तःकरणलाई छोपेर परजीवी वनस्पति फैलिएको | आफ्नो अस्तित्त्व नै समाप्त हुनेगरी परनिर्भर हुनुपरेको |
| तमतमिँदो चकमन्नता चिर्दै | नमिठो निःशब्दतालाई भङ्ग गर्दै | उकुसमुकुस र छटपटाहटपूर्ण वातावरणलाई भङ्ग गर्दै |
| उज्यालो फुटिरहेथ्यो | प्रकाश फैलिरहेको थियो | आशाका किरणहरू देखिन थालेको |
| उज्यालो फुलेको | प्रकाशमय भएको | आशा जागेको |
| सुकिलो बाटो | सफा मार्ग/सडक | समस्याको निकास/समाधान |

उपर्युल्लिखित तालिकाबाट विवेच्य कवितामा प्रयुक्त केही विशिष्ट पद, पदावलीहरू र तिनले कविताका सन्दर्भमा व्यक्त गर्ने वाच्यार्थ र ध्वन्यार्थहरू प्रस्तुत गरिएको छ । यिनै पद, पदावलीमा निहित विशिष्ट अर्थसन्दर्भहरूले यस कविताको विषयवस्तुलाई गम्भीर व्यञ्जनापूर्ण बनाएका छन् । कविताको वाच्यार्थलाई दृष्टिगत गर्दा यसमा प्रयुक्त पद, पदावलीबाट वर्तमानमा देशको लथालिङ्ग र भताभुङ्ग अवस्था देखेर आउँदो पुस्तालाई कस्तो देश सुम्पनुपर्ने हो ? भन्ने चिन्तामा सोचमग्न रहेको लेखकमा छोराले आफ्ना कलिला हातले कोरेको देशको रेखाचित्र एवं छोराका मुखमण्डलमा छाएको उत्साह र उमङ्गको आभा देखेर आफू सन्तुष्ट भएको अनि छोराका कलिला ओठहरूमा देशको सुन्दर भविष्य झलमलाउन थालेको अनुभूत गर्न थालेपछि आफू मृत्युको सन्त्रासबाट समेत मुक्त भएको कुरा व्यक्त भएको छ । यस किसिमको वाच्यार्थबाट वर्तमान अवस्थामा देश जतिसुकै सङ्कटाग्रस्त स्थितिबाट गुज्रिरहे पनि आउँदो पुस्ताले नेपाल र नेपालीको स्वाभिमानपूर्ण गौरवलाई जोगाउँदै देशलाई शान्ति र समृद्धिको दिशातर्फ अगाडि बढाउने कुरामा आफू विश्वस्त बनेको प्रतीयमान अर्थ अभिव्यञ्जित भएको छ ।

## वाक्यात्मक तथा अनुच्छेदका तहमा अभिव्यञ्जित ध्वनि

प्रस्तुत कविताको वाह्य संरचना गद्यलयमा बद्ध तीन अनुच्छेद र ती अनुच्छेदभित्रका लामाछोटा गरी जम्माजम्मी पच्चीसवटा वाक्यगुच्छहरूमा संरचित छ । ती अनुच्छेदहरूमध्ये पहिलो अनुच्छेदमा एघारवटा वाक्य, दोस्रो अनुच्छेदमा दसवटा वाक्य र तेस्रो अनुच्छेदमा जम्मा चारवटा वाक्यहरू रहेका छन् । कवितामा प्रयुक्त अनुच्छेदहरू र ती अनुच्छेदभित्रका विशिष्ट वाक्यहरूलाई छुट्टाछुट्टै रूपमा लिई तिनमा निहित ध्वनिसौन्दर्यलाई निम्नअनुसार विवेचना गरिन्छ :

अनुच्छेद १

अपराधीजस्तो
चुपचाप, चुपचाप
म आफैँसँग भनिरहेथेँ
देश अहिले जस्तो छ
यति फोहोर त
निहत्था वेश्याको घाँगर पनि हुँदैन
पातकीको जाँगर पनि हुँदैन
जता हेर्‍यो उतै पहिरो गएको छ
जहाँ टेक्यो त्यहीँ गहिरो भएको छ
घाँटीमा काँचो पिँडालु भएर
कोक्याउन थालेको छ देशको भविष्य
र नगरिक हुनुको आफ्नो अस्तित्त्व
कागले विष्टा गरिरहेको
धरहराको गजुर भएको छ
खै ! कस्तो देश हस्तान्तरण गरुँला मैले आउँदो पुस्तालाई ?
बर्बाद छ
आँखाबाट उज्यालो हराएको छ

मन छ
तर मन ढाकेर ऐजेरु मौलाएको छ ।

एघारवटा वाक्य र लामाछोटा गरी उन्नाईसवटा पङ्क्तिमा विस्तारित प्रस्तुत अनुच्छेदमा विकृति र विसङ्गतिले गाँजेको देशको वर्तमान अवस्थाप्रतिको लेखकीय चिन्ता अभिव्यञ्जित भएको छ । अनुच्छेको पहिलो वाक्यमै देशको वर्तमान अवस्थाले लेखकलाई अपराधबोध गराएको आत्माभिव्यञ्जना व्यञ्जित भएको छ । अस्थीर एवं प्रदूषित राजनैतिक वातावरणका कारण देश अहिले वेश्याको घाँगरजस्तै फोहोर अनि पातकीको जाँगरजस्तै दूषित बन्न पुगेको भन्ने वाच्यार्थबाट देशको तत्कालीन अवस्था परिलक्षित बनेको छ । देशमा हत्या, हिंसा, बलात्कार र लुटतन्त्र संस्थागत बनेर मौलाउँदै गएको, न्याय आफैँ थला परेको, राजनीति जालझेल र षड्यन्त्रको खेल बनेको, जसरी भए पनि सत्तामा पुग्न निकृष्ट तरिकाले सत्तासमीकरणहरू भएका, राजनीतिक दलहरूमा सोद्देश्यताको अभाव, नैतिकतामा आएको स्खलन आदि कारणहरूले गर्दा देश लथालिङ्ग र भताभुङ्गको अवस्थामा पुगेको प्रति लेखकीय चिन्ता अभिव्यञ्जित भएको छ । देशमाथि आइपरेका समस्या र सङ्कटहरू झन्झन् गहिरिँदै गएका कारण देशको भविष्य काँचो पिँडालु बनेर घाँटीमा कोक्याउन थालेको अभिधेयार्थबाट आउँदा दिनहरूका बारेमा कुनै कल्पना गर्न वा बोल्न नसकिने स्थिति ध्वनित भएको छ । त्यसैगरी नागरिकहरूको अस्तित्त्व र नेपाली हुनाको गौरव एवं स्वाभिमान धमिलिँदै गएको, लेखकका आँखाबाट भविष्यप्रतिको उज्ज्वल आशा निराशामा परिणत हुँदै गएको र परनिर्भरताले गाँज्दै लगेका कारण अउँदो पुस्तालाई सुन्दर, शान्त र समृद्ध देश सुम्पन नसकिने चिन्ताबाट भयभीत भएको कुरा पहिलो अनुच्छेदमा अभिव्यञ्जित भएको छ । यसरी प्रस्तुत अनुच्छेदमा देशको भविष्यप्रतिको चिन्ता र निराशावादी दृष्टिकोण मुखरित भएको छ ।

अनुच्छेद २

ठीक यसैबेला
तमतमिँदो चकमन्नता चिर्दै
बिस्तारै मेरो नजिकै आएर छोराले
आफ्ना कलिला हातले कोरेको
देशको रेखाचित्र देखाएर सोध्यो-
'बा ! यो कस्तो छ ?'
'राम्रो छ-' मैले उसको उत्साहलाई ध्यानमा राखेर जवाफ दिएँ
मेरो प्रशंसा सुनेर
एकपटक फेरि प्रशन्न चित्तले
आफूले कोरेको देशको रेखाचित्र हेर्‍यो उसले
यसबेला
उसको स्निग्ध अनुहारमा
झुक्क ! झुक्क ! उज्यालो फुटिरहेथ्यो
दोहोर्‍याएर आफ्नो मेहनतलाई हेर्दा
थप के भेट्टायो उसले
यो त म यसै भन्न सक्तिन

तर मैले भने
उज्यालो फुलेको उसको अनुहारमा
एउटा सुकिलो बाटो पाएँ
सम्पूर्ण पीरहरूको एउटै समाधान भेट्टाएँ
मेरो देश !
अब छोराका कलिला ओठहरूमा झलमलाउन थालेको थियो ।

प्रस्तुत अनुच्छेद दसवटा वाक्य र तेइसवटा लामाछोटा वाक्यात्मक र पदावलीगत पङ्क्तिपुञ्जद्वारा निर्मित रहेको छ । यहाँ देशको भविष्यको चिन्ताबाट बेस्वादिलो बनेको वातवरणलाई भङ्ग गर्दै छोराले आफ्ना कलिला हातले कोरेको देशको रेखाचित्र देखाएर बाबुसँग 'यो कस्तो छ ?' भन्दै गरेको प्रश्नको उत्तरमा 'राम्रो छ' भन्ने बाबुको प्रशंसाबाट प्रफुल्लित छोराको निश्छल र निष्कपट अनुहार खुसीले प्रदीप्त बनेको स्थितिबाट देशको भविष्य सुन्दर छ भन्ने ध्वन्यार्थ अभिव्यञ्जित भएको छ । कुनै अनकन्टार जङ्गलभित्र बाटो बिराएर बिलखबन्दमा परेको बटुवाले एक्कासी बाटो भेट्दा पाएको खुसीजस्तै आफ्नो छोराको अनुहारमा खिलखिलाएको खुसीभित्र लोकतन्त्रको नाममा देशमा मौलाएको छाडातन्त्र एवं विकृति र विसङ्गतिबाट निसास्सिएको लेखकले समस्या समाधानको बाटो पहिल्याएको अनुभूति गरेका छन् । उक्त अनुभूतिभित्र आगामी नयाँ पुस्ताको वैज्ञानिक सोच र कुशल नेतृत्वले मात्र मुलुक विकास र समृद्धिको दिशातर्फ अग्रसर हुन सक्ने विचार ध्वनित भएको छ । छोराका कलिला ओठहरूमा देश झलमलाएको विषयवस्तुबाट यहाँ वस्तुध्वनि प्रकट भएको छ । यस अनुच्छेदबाट देशको भविष्यप्रतिको आशावादी दृष्टिकोण प्रस्तुत गरिएको छ ।

अनुच्छेद ३

सत्य भन्दै छु
सधैँ मृत्युसँग सन्त्रस्त म
त्यस दिनदेखि
भयमुक्त जीवन बिताउन थालेको छु
घोडा भएको छ मृत्यु अब मेरा लागि
र, निश्चिन्त मनले
गडगड ! गडगड !
म त्यसमाथि दिनहुँ सवार हुन थालेको छु ।

प्रस्तुत अनुच्छेदमा जम्मा चार वाक्य र आठ पङ्क्तिपुञ्ज रहेका छन् । अघिल्लो अनुच्छेदको अन्त्यमा अभिव्यक्त भाव वा प्रसङ्ग प्रस्तुत अनुच्छेदसँग अन्तर्सम्बन्धित बनेर आएको छ । सधैँ मृत्युको सन्त्रासबाट त्रसित लेखक छोराको हँसिलो अनुहारमा देशको सुन्दर भविष्य झलमलाउन थालेको वाच्यार्थबाट जीवनको सर्वोच्च प्राप्ति आत्मसन्तुष्टि रहेको र सन्तुष्टिले नै सन्तोषको जीवन जिउन सकिने यथार्थ ध्वनित भएको छ , तर यो आत्मसन्तुष्टि पूर्वीय दर्शनले भनेझैँ अविद्याबाट मुक्त भएर प्राप्त भएको भने होइन । यहाँ त देशको धमिलिएको वातावरण र दयनीय स्थितिबाट चिन्तित देशभक्त कविले आउँदो पुस्तामा देशको सुन्दर छविको कल्पित चित्र देख्न थालेपछि प्राप्त भएको आत्मसन्तुष्टि हो । 'अब मेरालागि मृत्यु घोडा भएको छ र म निश्चिन्त मनले त्यसमाथि दिनहुँ सवार हुन थालेको छु' भन्ने कवि कथनबाट देशको सुन्दर

आशालाग्दो भविष्य देखेर आफू निश्चिन्त बनेको एवं कुनै पनि प्रकारको भयबाट मुक्त बनेको आशावादी दृष्टिकोण ध्वनित भएको छ ।

## सिङ्गो सङ्कथनबाट अभिव्यञ्जित ध्वनि

पाठका उपकरण विभिन्न सङ्घटक अवयवहरूबाट मात्र व्यञ्जित नभई सिङ्गो पाठबाट समेत ध्वन्यार्थ वा प्रतीयमान अर्थ व्यञ्जित हुने गर्दछ । ध्वनिवादी आचार्यहरूले सिङ्गो काव्यलाई पनि ध्वनिका रूपमा अर्थ्याएका छन् । प्रस्तुत काव्यमा पनि समग्र सङ्कथनबाट व्यञ्जित ध्वनिलाई अलग्गै रूपमा हेर्न सकिन्छ । कवितामा देशको वर्तमानप्रतिको चिन्ता र भविष्यप्रतिको आशावादी दृष्टिकोण विषयवस्तुका रूपमा आएका छन् । यस आधारमा प्रस्तुत कविता देशभक्तिको भावनाले युक्त कविता हो । कविताको प्रारम्भमै लेखकले आफूलाई अपराधीजस्तो महसुस गर्नुले देशको वर्तमान अवस्था यतिबिघ्न बिग्रेको र लथालिङ्ग बनेको यस अघि कहिल्यै थिएन भन्ने कुरालाई सङ्केत गर्दै देशमाथि भएको चौतर्फी आक्रमण, व्यभिचार, लुट, राष्ट्रघात एवं जनघाती कार्यहरूले गर्दा देशको स्वच्छ छवि धमिलो बन्न पुगेको अनि आर्थिक, राजनैतिक, सामाजिक अवस्था दिनानुदिन खस्कँदै गई जातीय गौरव, राष्ट्रिय पहिचान र स्वाभिमान धरापमा पर्दै गएको एवं परनिर्भरताले गाँज्दै लगेर देशको भविष्य अन्धकारतर्फ धकेलिँदै गएकोप्रति लेखकीय चिन्ता अभिव्यञ्जित बनेको छ । कवितामा चिन्तमात्र होइन देशको सुनौलो भविष्यका आशावादी नवकिरणहरू पनि सल्बलाएका छन् । हरेक कालो बादलभित्र चाँदीको घेरा हुन्छ भनेझैँ अन्धकारपछि प्रकाश, दुःखपछि सुख अवश्यमभावी छ । त्यसैगरी निराशपछि आशाको नवीन सञ्चार पनि यथोचित नै हुन्छ । प्रस्तुत कवितामा पनि कविले आफ्नो छोराको निश्छल, निष्कपट अनुहारमा देशको सुन्दर भविष्य झलमलाएको अनुभव गर्न थालेपछि देशप्रतिको चिन्ता र निराशा आशा र सन्तुष्टिमा परिणत हुन थालेका छन् त्यसैले लेखक निश्चिन्त र भयरहित बनेर मृत्युमाथि नै विजय प्राप्त गरेको अनुभूति गरेका छन् । यसरी समग्रमा देश वर्तमानमा जेजस्तो विकृति र विसङ्गतिको चक्रबाट गुज्रिरहेको भए पनि नवीन पुस्ताको कुशल नेतृत्वले देशले नयाँ जीवन प्राप्त गरी सुन्दर, शान्त र समृद्ध बन्ने आशाबाट आश्वस्त बनेको वस्तुध्वनि कवितामा व्यञ्जित भएको छ ।

## ध्वन्यार्थको कलात्मक रूपान्तरण

कवि दिनेश अधिकारीद्वारा रचित 'घोडा भएको छ -मृत्यु' कविता गद्यशैलीमा संरचित एक फुटकर कविता हो । गद्य लयका तीन अनुच्छेदहरूमा संरचित यस कविताको शीर्षकदेखि पद, पदावली र सिङ्गगो सङ्कथन समेत ध्वन्यार्थको अनुरणनले गर्दा पठनीय, आह्लादक र चित्तकर्षक बनेको छ । सर्सर्ति हेर्दा सामान्यजस्तो लागे पनि कथनको सहजता र सरलताभित्र भावको गम्भीरता गरिमामय बनेर आएको छ । भावलाई पच्छ्याउँदै त्यसको गहिराइसम्म पुग्दा ध्वन्यार्थका तरेलीहरू एकपछि अर्को उद्घाटित हुँदै जान्छन् । कवितामा प्रयुक्त तीनवटै अनुच्छेदहरू एक अर्कोसँग अन्तर्सम्बन्धित बनेर आएका छन् । पहिलो अनुच्छेदमा देशको वर्तमानप्रतिको असन्तुष्टि र तत्जन्य नैराश्यता प्रकट भएको छ, दोस्रो अनुच्छेदमा भविष्यप्रतिको आशावादी दृष्टिकोण र तेस्रोमा नैराश्यता एवं भयबाट मुक्तिका भावहरू अभिव्यक्त भएका छन् । कवितामा सन्दर्भसापेक्ष रूपमा प्रयोग गरिएका बिम्ब र प्रतीकहरूको विशिष्ट प्रयोग एवं शब्दालङ्कार र अर्थालङ्कारको कुशल संयोजन आदिले गर्दा कविताको ध्वनिगत सौन्दर्य उत्कर्षमा पुगेको छ । यसरी देशको वर्तमान बेथिति र भविष्यप्रतिको आशावादी दृष्टिकोण अनि त्यस आशाबाट प्राप्त निर्भय र सन्तुष्टिका

भावहरूलाई अभिव्यञ्जित गरिएको यो कवितामा ध्वनिको कलात्मक रूपान्तरण उच्च बन्न गई सफल सिर्जना साबित भएको छ ।

## निष्कर्ष

आधुनिक नेपाली कविता परम्परामा समसामयिक धाराका सशक्त कवि तथा गीतकार दिनेश अधिकारीद्वारा रचित 'घोडा भएको छ -मृत्यु' कविता देशको वर्तमान अवस्थामा देखापरेको बेथिति र भविष्यप्रतिको सुन्दर आशावादी दृष्टिकोणलाई विषय बनाई उच्च ध्वनि सामर्थ्यका साथ प्रस्तुत गरिएको सुन्दर कलात्मक कविता हो । मृत्युलाई पनि घोडा बनाएको शीर्षकीय सन्दर्भले मृत्युमाथि नै विजय प्राप्त गरेको अथवा निश्चिन्तता र भयरहित अवस्थालाई व्यञ्जित गरेको छ । कवितामा व्यञ्जित भावको व्यतिरेकी अवस्थालाई दृष्टिगत गरी यस कवितालाई दुई भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । कविताको पूर्वार्द्ध (पहिलो अनुच्छेद) मा देशको वर्तमान अवस्थामा देखापरेको बेथिति अनि विकृति र विसङ्गतिबाट विरक्तिएको चिन्ताग्रस्त एवं निराशाजन्य भावहरू ध्वनित भएका छन् भने उत्तरार्द्ध (दोस्रो, तेस्रो अनुच्छेद ) मा भविष्यप्रतिको आशावादी दृष्टिकोण अभिव्यञ्जित भएको छ । कवितामा प्रयुक्त विशिष्ट पद, पदावली र तिनको प्रतीकात्मक प्रयोग सन्दर्भ व्यञ्जना धर्मिताका दृष्टिले निकै महत्त्वपूर्ण रहेका छन् । देशमा विद्यमान समसामयिक यथार्थको अभिव्यञ्जनाका दृष्टिले समेत प्रस्तुत कविता सशक्त रहेको छ । समग्रमा सरल भाषाशैलीभित्र सन्दर्भअनुसारका बिम्ब र प्रतीकहरूको संयोजन, शब्दालङ्कार र अर्थालङ्कारको कुशल प्रयोग एवं गम्भीर भावसन्दर्भलाई वहन गर्ने शब्दविन्यास आदिको समष्टि योगबाट प्रस्तुत कविता उत्कृष्ट व्यञ्जनाधर्मी रचनाका रूपमा रहेको छ ।

## सन्दर्भ-सामग्री

अधिकारी, दिनेश (२०६७). सीमान्त सपना. ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०४८). पूर्वीय साहित्य सिद्धान्त : (दोस्रो संस्क) ललितपुर : साझा प्रकाशन ।

गडतौला, नारायणप्रसाद (२०७१). रस र ध्वनि सिद्धान्त : काठमाडौँ : प्रगति पुस्तक प्रकाशन प्रा.लि. ।

न्यौपाने, ताराप्रसाद (२०७०). तर, यद्यपि, कदापि, इत्यादिहरूको कविता कविताको ध्वन्यार्थ : (अप्रकाशित अध्ययन पत्र) काठमाडौँ : त्रि.वि. ।

पोखरेल, बालकृष्ण र अन्य (२०६९) (सम्पा.). नेपाली बृहत् शब्दकोश : (आठौँ संस्क.) काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइँटेल खगेन्द्रप्रसाद (२०६१). पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त : काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सिग्देल, सोमनाथ शर्मा (२०५८) . साहित्य प्रदीप : काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।